# भाग ५

नेपाल सरकार

## कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको

### सूचना १

नेपाल सरकारले खाद्य ऐन, २०२३ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी खाद्यवस्तुको गुणस्तर निर्धारण सम्बन्धी खण्ड ५०, सङ्ख्या ४२, मिति २०५७/१०/२३ तथा खण्ड ६०, सङ्ख्या २६, मिति २०६७/०६/२५ को नेपाल राजपत्रमा प्रकाशित सूचनाको प्रकरण १२ पछि देहायका प्रकरण १३ र १४ थपिएका छन् :-

"१३. **मेलामाईन (Melamine)**

देहायका खाद्य वस्तुहरुमा मेलामाईनको मात्रा देहायको परिमाण भन्दा नबढेको हुनु पर्नेछ :-

| सि.नं. | खाद्य पदार्थ (Food Commodities) | मिलि ग्राम प्रति किलोग्राम (mg/Kg) |
|---|---|---|
| १. | शिशुको लागि ठोस आहार (Powder infant formula) | १.० |
| २. | शिशुको लागि तरल आहार / तरल दुध(Liquid infant formula/Liquid infant milk) | ०.१५ |
| ३. | दुध तथा दुग्धजन्य पदार्थ (Milk and milk products) | २.५ |
| ४. | अन्य खाद्य पदार्थ (Other foods) | २.५ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

## १४. अल्कोहलजन्य पेय पदार्थ

### १४.१ व्हिस्की (Whisky)

**१. गुणस्तरको क्षेत्र (Scope)**

यस गुणस्तरले मानव उपभोगको लागि प्याक गरिएका सबै प्रकारका व्हिस्कीलाई समेट्छ ।

**२. परिचय (Description)**

व्हिस्की भन्नाले कुनै पनि अन्न वा स्टार्चजन्य खाद्य पदार्थहरुलाई जीव रासायनिक प्रकृयाद्वारा किन्वन (फर्मेन्टेसन) गरी डिस्टिलेसन प्रकृयाद्वारा प्राप्त डिस्टिलेट अल्कोहोलजन्य पदार्थहरुलाई जनाउँछ । उत्पादन गर्ने देश, प्रयोग गरिने कच्चा पदार्थ, उत्पादनको प्रकृया, प्रविधि आदिको आधारमा व्हिस्की विभिन्न प्रकारका हुन सक्नेछन् ।

**३. आवश्यक गुणस्तर परिधिहरू (Essential Composition and Quality Factors)**

व्हिस्कीमा चारित्रिक स्वाद र बास्ना हुनुपर्नेछ र यसमा केरामेल रङ्ग वा अन्य स्वीकृत खाद्य योगशिल तथा स्वीकृत बास्नाहरु प्रयोग गर्न सकिनेछ । परिपक्व (matured) भनी लेखिएको व्हिस्कीलाई कम्तीमा १ बर्ष ओक (Oak) को भाँडामा राखी भण्डारण गरिएको हुनु पर्नेछ । व्हिस्कीमा क्लोरल हाइड्रेट (chloral hydrate), अमोनियम क्लोराइड (ammonium chloride), डाइजेपाम (diazepam), पाराडिहाइड



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(paraldehyde) लगायत कुनै पनि अन्य किसिमका नसालु, साईकोट्रपिक (psychotropic) पदार्थहरु तथा क्याफिन (caffeine) समेतको उपस्थिति हुनु हुँदैन ।

व्हिस्कीमा इथाइल अल्कोहोलको मात्रा ३६ देखि ५० प्रतिशत (आयतनको आधारमा, २०°c) सम्म हुन सक्नेछ । इथाइल अल्कोहोलको मात्रा व्हिस्कीको लेबलमा उल्लेख गरिएको मात्रा भन्दा ३% घटी वा बढीसम्म स्वीकार्य हुनेछ ।

व्हिस्कीमा देहायका मापदण्डहरु पनि पुरा भएको हुनु पर्नेछ :-

| सि.नं. | विवरण | Malt grain whisky | Blended whisky | अन्य whisky |
|---|---|---|---|---|
| 1. | Aldehydes as acetaldehyde (g/100 L absolute alcohol) max. | **50.0** | **35.0** | **15.0** |
| 2. | Arsenic (mg/L) max. | **0.25** | **0.25** | **0.25** |
| 3. | Cadmium (mg/L) max. | **0.01** | **0.01** | **0.01** |
| 4. | Capper (mg/L) max. | **10.0** | **10.0** | **10.0** |
| 5. | Ethyl alcohol content at 20°C percent by volume (Range) | **36-50** | **36-50** | **36-50** |
| 6. | Furfural (expressed in terms of g/100 litre of Absolute alcohol), Max. | **12.0** | **6.0** | **6.0** |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| 7. | Higher alcohols as amyl alcohol (expressed in terms of g/100 litre of absolute alcohol), max. | **1000.0** | **750.0** | **350.0** |
| 8. | Lead (mg/L), Max. | **0.2** | **0.2** | **0.2** |
| 9. | Mercury (mg/L), Max. | **0.25** | **0.25** | **0.25** |
| 10. | Methyl alcohol (expressed I terms of mg/litre of distilled abolute alcohol (mg/L), Max. | **30.0** | **20.0** | **10.0** |
| 11. | Residue on evaporation percent (m/v), Max. | **2.0** | **2.0** | **2.0** |
| 12. | Total Esters as ethyl acetate (expressed in terms of g/100 litres of absolute alcohol), Max. | **200.0** | **150.0** | **100.0** |
| 13. | Volatile acids as acetic acid (expressed in terms of g/100 litres of absolute alcohol), Max. | **150.0** | **100.0** | **50.0** |

**४. स्वच्छता (Hygiene) कायम गर्ने तरिका (Code of Practice)**

व्हिस्कीको उत्पादन, प्याकेजिङ्ग, भण्डारण तथा ढुवानी गर्दा Codex द्वारा निर्धारित आचारसंहिता (Recommended International Code of Practice - General Principles of Food Hygiene (CAC/RCP 1-1969) का प्रावधानहरू आवश्यकतानुसार पालना गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**५. प्याकेजिङ्ग र लेबलिङ्ग सम्बन्धी व्यवस्था (Packaging and labeling Requirements)**

**५.१ प्याकेजिङ्ग**

व्हिस्कीलाई सफा गरिएको खाद्य ग्रेडको बोतल वा कन्टेनरमा प्याकेजिङ्ग गर्नु पर्नेछ ।

**५.२ लेबलमा उल्लेख गर्नु पर्ने विवरण**

प्याक गरिएको व्हिस्कीको लेबलमा देहायको विवरण हुनु पर्नेछः-

(क) उत्पादक वा प्याकरको नाम तथा ठेगाना,

(ख) वस्तुको नाम,

(ग) ईथाएल अल्कोहलको मात्रा प्रतिशत (आयतन) वा यूपी वा प्रुफमा

(घ) योगशिल प्रयोग भएकोमा योगशिलको नाम वा सङ्केत नम्बर,

(ङ) उत्पादन वा प्याकिङ्ग मिति, ब्याच नम्बर वा लट नम्बर,

(च) खूद परिमाण,

(छ) अन्य प्रचलित कानूनले तोकेका विवरण उल्लेख गर्न सकिनेछ, तर उपभोग्य मिति र सम्मिश्रण उल्लेख गर्न बाध्य हुने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

**५.३ लेबलमा उल्लेख गर्न प्रतिबन्ध**

**५.३.१** स्वास्थ्य सम्बन्धी कुनै पनि दाबी गर्न पाइने छैन।

**५.३.२** प्रयोगकर्तालाई व्हिस्कीको प्रकृति, उत्पादन, स्रोत तथा अन्य गुणहरू सम्बन्धी भ्रामक सूचना दिने गरी कुनै पनि फोटो, शब्द वा वाक्यहरू प्रयोग गर्न पाइने छैन।

१४.२ रम (Rum)

**१. गुणस्तरको क्षेत्र (Scope)**

यस गुणस्तरले मानव उपभोगको लागि प्याक गरिएका सबै प्रकारका रमलाई समेट्छ ।

**२. परिचय (Description)**

**२.१ रम (Rum)**

रम भन्नाले उखुको रस,उखुको गुड वा उखुको अन्य उत्पादन वा सुगर बिट वा सुगर बिट मोलासेसजन्य खाद्य पदार्थलाई किण्वन (Fermentation) गरी डिष्टिलेशन प्रकृयाद्वारा प्राप्त अल्कोहोलिक डिष्टिलेटबाट बनेको मदिराजन्य पदार्थलाई जनाउँछ । साथै माथि उल्लिखित खाद्य पदार्थहरुबाट बनेको न्यूट्रल स्प्रिट वा रेक्टिफाईड स्प्रिट वा डिष्टिल्ड स्प्रिट वा यीनको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मिश्रणबाट पनि रम तयार गर्न सकिन्छ । रम सव जिरो तापक्रम समेतमा पनि थिग्रो वा कुनै प्रकारका सस्पेन्डेड पदार्थ रहित हुनु पर्नेछ ।

२.२ **ह्वाईट रम (White Rum)**

केरामेल (Caramel) नराखिएको रमलाई ह्वाईट रम (White Rum) भनी जनाउँछ ।

२.३ **फ्लेवर्ड रम (Flavored Rum)**

फ्लेवर (Flavor) प्रयोग गरी तयार गरिएको रमलाई फ्लेवर्ड रम भनी जनाउँछ । यसमा स्वीकृत रङ्ग तथा चिनी आवश्यकता अनुसार प्रयोग गर्न सकिनेछ ।

३. **आवश्यक गुणस्तर परिधिहरु (Essential Composition and Quality Factors)**

रममा स्वाभाविक स्वाद र बास्ना हुनु पर्नेछ । यसमा स्वीकृत बास्ना तथा खाद्य योगशीलहरु प्रयोग गर्न सकिनेछ । रममा केरामेल बाहेक अन्य रङ्ग प्रयोग गर्न पाइने छैन । लेवलमा परिपक्व (Matured) भनी लेखिएको रमलाई कम्तीमा एक बर्ष ओक (Oak) को भाँडोमा राखी भण्डारण गरिएको हुनु पर्नेछ। काठको भाँडोमा परिपक्व गरिएको रममा काठको स्वभाविक रङ्ग आउनु पर्नेछ। रममा कुनै पनि थिग्रेको, तैरेको वस्तु हुनु हुँदैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

रममा क्लोरल हाइड्रेट (chloral hydrate), अमोनियम क्लोराइड (ammonium chloride), डाइजेपाम (diazepam), पाराडिहाइड (paraldehyde) लगायत कुनै पनि अन्य किसिमका नसालु, साईकोट्रपिक (psychotropic) पदार्थहरु तथा क्याफिन (caffeine) समेतको उपस्थिति हुनु हुँदैन ।

रममा ईथाएल अल्कोहलको मात्रा ३६ देखि ५० प्रतिशत (आयतनको आधारमा, २० डिग्री सेन्टिग्रेड तापक्रममा) सम्म हुन सक्नेछ । ईथाएल अल्कोहोलको मात्रा रमको लेबलमा उल्लेख गरिएको मात्रा भन्दा ३ प्रतिशतले घटी वा बढी हुन सक्नेछ ।

रममा देहायका मापदण्डहरु पनि पुरा भएको हुनु पर्नेछ :-

| सि. नं. | विवरण | रम | ह्वाईट रम | फ्लेवर्ड रम |
|---|---|---|---|---|
| 1. | Ethyl Alcohol content at 20°C percent by volume (Range) | 36-50 | 36-50 | 36-50 |
| 2. | Furfural (expressed in terms of g/100 Litres of absolute alcohol), Max. | 10.0 | 5.0 | 5.0 |
| 3. | Higher alcohols as amyl alcohol (expressed in terms of g/100 Litres of | 350.0 | 200.0 | 200.0 |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | absolute alcohol), Max. | | | |
| **4.** | Total Esters as ethyl acetate (expressed in terms of g/100 Litrres of absolute alcohol), Max. | **150.0** | **150.0** | **150.0** |
| **5.** | Volatile acids as acetic acid (expressed in terms of g/100 Litres of absolute alcohol), Max. | **50.0** | **50.0** | **100.0** |
| **6.** | Total acids as tartaric acid (expressed in terms of g/100 Litres of absolute alcohols), Max. | **160.0** | **160.0** | **160.0** |
| **7.** | Residue on evaporation percent (m/v), Max. | **2.0** | **1.0** | **25.0** |
| **8.** | Methyl alcohol (expressed in terms of mg/Litre of distilled absolute alcohol), Max. | **20.0** | **10.0** | **10.0** |
| **9.** | Aldehydes as acetaldehyde (expressed in terms g/100 Litres of absolute alcohol), Max. | **30.0** | **30.0** | **30.0** |
| **10.** | Copper (as Cu), (mg/L), Max. | **10.0** | **5.0** | **5.0** |
| **11.** | Lead (mg/L), Max. | **0.2** | **0.2** | **0.2** |
| **12.** | Mercury (mg/L), Max. | **0.25** | **0.25** | **0.25** |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| **13.** | Arsenic (mg/L), Max. | **0.25** | **0.25** | **0.25** |
| **14.** | Cadmium (mg/L), Max. | **0.01** | **0.01** | **0.01** |

**४. स्वच्छता (Hygiene) कायम गर्ने तरिका (Code of Practice)**

रमको उत्पादन, बोटलिङ्ग, प्याकेजिङ्ग, भण्डारण तथा ढुवानी गर्दा कोडेक्सद्वारा निर्धारित आचारसंहिता (Recommended International code of practice -General principles of Food Hygiene (CAC/RCP 1-1969)) का प्रावधानहरु आवश्यकतानुसार पालना गर्नु पर्नेछ ।

**५. प्याकेजिङ्ग र लेबलिङ्ग सम्बन्धी व्यवस्था (Packaging and Labeling Requirements)**

**५.१ प्याकेजिङ्ग**

रमलाई सफा गरिएको खाद्य ग्रेडको बोतल वा कन्टेनरमा प्याकेजिङ्ग गर्नु पर्नेछ।

**५.२ लेबलमा उल्लेख गर्नु पर्ने विवरण**

प्याक गरिएको रमको लेबलमा देहाय बमोजिमको विवरण हुनु पर्नेछः-

(क) उत्पादक वा प्याकरको नाम तथा ठेगाना,

(ख) वस्तुको नाम,

(ग) ईथाएल अल्कोहोलको मात्रा प्रतिशत (आयतन) वा यूपी वा प्रुफमा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(घ) योगशिल प्रयोग भएकोमा योगशिलको नाम वा सङ्केत नम्बर,

(ङ) उत्पादन वा प्याकिङ्ग मिति, ब्याच नम्बर वा लट नम्बर,

(च) खूद परिमाण,

(छ) अन्य प्रचलित कानुनले तोकेका विवरण उल्लेख गर्न सकिनेछ, तर उपभोग्य मिति र समिश्रण उल्लेख गर्न बाध्य हुने छैन ।

**५.३ लेबलमा उल्लेख गर्न प्रतिबन्ध**

५.३.१ स्वास्थ्य सम्बन्धी कुनै पनि दाबी गर्न पाइने छैन ।

५.३.२ प्रयोगकर्तालाई रमको प्रकृति, उत्पादन, श्रोत, तथा अन्य गुणहरु सम्बन्धी भ्रामक सूचना दिने गरी कुनै पनि फोटो, शब्द वा वाक्यहरु प्रयोग गर्न पाइने छैन ।

**१४.३ भोड्का (Vodka)**

**१. गुणस्तरको क्षेत्र (Scope)**

यस गुणस्तरले मानव उपभोगको लागि प्याक गरिएका सबै प्रकारका भोड्कालाई समेट्छ ।

**२. परिचय (Description)**

भोड्का भन्नाले आलु, अन्न, मोलासेस वा अन्य किन्वन हुने कार्वोहाईड्रेटजन्य पदार्थहरुलाई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

किण्वन (Fermentation) गरी डिष्टिलेशन प्रकृयाद्वारा प्राप्त न्यूट्रल स्प्रिटबाट बनेको मदिराजन्य पेय पदार्थलाई जनाउँछ । भोड्का कुनै पनि प्रकारका सस्पेन्डेड पदार्थहरु रहित हुनु पर्नेछ । उत्पादन गर्ने देश, प्रयोग गरिने कच्चा पदार्थ, उत्पादनको प्रकृया, प्रविधिको आधारमा भोड्का विभिन्न प्रकारका हुन सक्नेछन् ।

३. **आवश्यक गुणस्तर परिधिहरु (Essential Composition and Quality Factors)**

भोड्कामा स्वभाविक स्वाद र बास्ना हुनु पर्नेछ । यसमा स्वीकृत बास्ना र खाद्य योगशिल प्रयोग गर्न सकिनेछ । भोड्कामा क्लोरल हाइड्रेट (chloral hydrate), अमोनियम क्लोराइड (ammonium chloride), डाइजेपाम (diazepam), पाराडिहाइड (Paraldehyde) लगायत कुनै पनि अन्य किसिमका नसालु, साईकोट्रपिक (psychotropic) पदार्थहरु तथा क्याफिन (caffeine) समेतको उपस्थिति हुनु हुँदैन ।

भोड्कामा ईथाएल अल्कोहलको मात्रा ३६ देखि ५० प्रतिशत (आयतनको आधारमा, २० डिग्री सेन्टिग्रेड तापक्रममा) सम्म हुन सक्नेछ । ईथाएल अल्कोहलको मात्रा भोड्काको लेबलमा उल्लेख गरिएको मात्रा भन्दा ३ प्रतिशतले घटी वा बढी हुन सक्नेछ । भोड्कामा देहायका मापदण्डहरु पनि पुरा भएको हुनु पर्नेछ :-



मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

| सि.नं. | विवरण | परिमाण |
|---|---|---|
| 1. | Ethyl Alcohol content at 20°C, percent by volume (Range) | **36-50** |
| 2. | Furfural (expressed in terms of g/100 Litres of absolute alcohol), Max. | **12.0** |
| 3. | Higher alcohols as amyl alcohol (expressed in terms of g/100 Litres of absolute alcohol), Max. | **50.0** |
| 4. | Total Esters as ethyl acetate (expressed in terms of g/100 Litrres of absolute alcohol), Max. | **50.0** |
| 5. | Volatile acids as acetic acid (expressed in terms of g/100 Litres of absolute alcohol), Max. | **10.0** |
| 6. | Residue on evaporation percent (m/v), Max. | **2.0** |
| 7. | Methyl alcohol (expressed in terms of mg/Litre of distilled absolute alcohol), Max. | **10.0** |
| 8. | Copper (as Cu), (mg/L), Max. | **5.0** |
| 9. | Aldehydes as acetaldehyde (expressed in terms g/100 Litres of absolute alcohol), Max. | **15.0** |
| 10. | Lead (mg/L), Max. | **0.0** |
| 11. | Mercury (mg/L), Max. | **0.0** |
| 12. | Arsenic (mg/L), Max. | **0.0** |
| 13. | Cadmium (mg/L), Max. | **0.0** |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

४. **स्वच्छता (Hygiene) कायम गर्ने तरिका (Code of Practice)**

भोड्काको उत्पादन, बोटलिङ्ग, प्याकेजिङ्ग, भण्डारण तथा ढुवानी गर्दा कोडेक्सद्वारा निर्धारित आचारसंहिता (Recommended International code of practice - General principles of Food Hygiene (CAC/RCP 1-1969) का प्रावधानहरु आवश्यकतानुसार पालना गर्नु पर्नेछ ।

५. **प्याकेजिङ्ग र लेबलिङ्ग सम्बन्धी व्यवस्था (Packaging and Labeling Requirements)**

५.१ **प्याकेजिङ्ग**

भोड्कालाई सफा गरिएको खाद्य ग्रेडको बोतल वा कन्टेनरमा प्याकेजिङ्ग गर्नु पर्नेछ ।

५.२ **लेबलमा उल्लेख गर्नु पर्ने विवरण**

प्याक गरिएको भोड्काको लेबलमा देहायको विवरण हुनु पर्नेछः-

(क) उत्पादक वा प्याकरको नाम तथा ठेगाना,

(ख) वस्तुको नाम,

(ग) ईथाएल अल्कोहोलको मात्रा प्रतिशत (आयतन) वा यूपी वा प्रुफमा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

(घ) योगशिल प्रयोग भएकोमा योगशिलको नाम वा सङ्केत नम्बर,

(ङ) उत्पादन वा प्याकिङ्ग मिति, व्याच नम्बर वा लट नम्बर,

(च) खूद परिमाण,

(छ) अन्य प्रचलित कानुनले तोकेका विवरण उल्लेख गर्न सकिनेछ, तर उपभोग्य मिति र समिश्रण उल्लेख गर्न बाध्य हुने छैन ।

**५.३ लेबलमा उल्लेख गर्न प्रतिबन्ध**

**५.३.१** स्वास्थ्य सम्बन्धी कुनै पनि दावी गर्न पाइने छैन ।

**५.३.२** प्रयोगकर्तालाई भोड्काको प्रकृति, उत्पादन, श्रोत, तथा अन्य गुणहरु सम्बन्धी भ्रामक सूचना दिने गरी कुनै पनि फोटो, शब्द वा वाक्यहरु प्रयोग गर्न पाइने छैन ।

## १४.४ ब्राण्डी (Brandy)

### १. गुणस्तरको क्षेत्र (Scope)

यस गुणस्तरले मानव उपभोगको लागि प्याक गरिएका सबै प्रकारका ब्राण्डीलाई समेट्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

**२. परिचय (Description)**

ब्राण्डी भन्नाले अङ्गुर वा अन्य फलफूलको किण्वित रस (Fermented Juice) लाई डिष्टिलेशन गरी प्राप्त भएको अल्कोहोलिक डिष्टिलेटबाट तयार गरिएको मदिराजन्य पदार्थलाई जनाउँछ । ब्राण्डीको आफ्नै स्वभाविक रङ्ग, बास्ना र स्वाद हुनु पर्नेछ । ब्राण्डी निम्न प्रकारका हुन सक्ने छन्:-

**२.१ अङ्गुरको ब्राण्डी (Grape Brandy)**

अङ्गुरको ब्राण्डी (Grape Brandy) भन्नाले ताजा, स्वस्थ र पाकेको अङ्गुरको किण्वित रस (Fermented Juice) लाई डिष्टिलेशन गरी तयार गरिएको मदिराजन्य पदार्थलाई जनाउँछ। यसमा अङ्गुरमा भएका प्राकृतिक वाष्पशील तत्वहरु (Volatile Principles) तथा किण्वन हुँदा उत्पन्न भएको बास्ना र स्वाद हुनु पर्नेछ ।

**२.२ फलफूलको ब्राण्डी (Fruit Brandy)**

फलफूलको ब्राण्डी (Fruit Brandy) भन्नाले अङ्गुर बाहेक अन्य फलफूलको किण्वित रस (Fermented juice) लाई डिष्टिलेशन गरी तयार गरिएको मदिराजन्य पदार्थलाई जनाउँछ । यसरी तयार गरिएको ब्राण्डीको नामको अगाडि फलफूलको नाम उल्लेख गर्नु पर्नेछ । तर ब्राण्डी मात्र भनिएकोमा अङ्गुरको ब्राण्डी भनी बुझिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

**२.३ ब्लेन्डेड ब्राण्डी (Blended Brandy)**

ब्लेन्डेड ब्राण्डी (Blended Brandy) भन्नाले फलफूलको ब्राण्डी वा न्यूट्रल स्प्रिट वा रेक्टिफाईड स्प्रिटमा कम्तीमा दुई प्रतिशत अङ्गुरको ब्राण्डी मिसाएर तयार गरिएको ब्राण्डीलाई जनाउँछ ।फलफूलको ब्राण्डी प्रयोग गरी तयार गरिएको ब्लेन्डेड ब्राण्डीको बास्ना र स्वाद ब्राण्डीको जस्तै हुनु पर्नेछ ।

**३. आवश्यक गुणस्तर परिधिहरु (Essential Composition and Quality Factors)**

ब्राण्डीमा स्वभाविक स्वाद र बास्ना हुनु पर्नेछ । यसमा स्वीकृत बास्ना तथा रङ्गहरु प्रयोग गर्न सकिनेछ । लेबलमा परिपक्व (Matured) भनी लेखिएको ब्राण्डीलाई कम्तीमा एक वर्ष ओक (Oak) को भाँडोमा राखी भण्डारण गरिएको हुनु पर्नेछ । तर एक हजार लिटर भन्दा कम क्षमता भएको ओक (Oak) को भाँडोमा परिपक्व गरिएको ब्राण्डी कम्तीमा छ महिना भण्डारण गरिएको हुनु पर्दछ ।

ब्राण्डीमा क्लोरल हाइड्रेट (Chloral hydrate), अमोनियमक्लोराइड (Ammonium chloride), डाइजेपाम (diazepam), पाराडिहाइड (Paraldehyde) लगायत कुनै पनि अन्य किसिमका नसालु, साईकोट्रपिक (Psychotropic) पदार्थहरु तथा क्याफिन (Caffeine) समेतको उपस्थिति हुनु हुँदैन ।

ब्राण्डीमा ईथाएल अल्कोहोलको मात्रा ३६ देखि ५० प्रतिशत (आयतनको आधारमा, २० डिग्री सेन्टिग्रेड



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

तापक्रममा) सम्म हुन सक्नेछ । ईथाएल अल्कोहोलको मात्रा ब्राण्डीको लेबलमा उल्लेख गरिएको मात्रा भन्दा ३ प्रतिशतले घटी वा बढी हुन सक्नेछ ।

ब्राण्डीमा देहायका मापदण्डहरु पनि पुरा भएको हुनु पर्नेछ :-

| सि.नं. | विवरण | अङ्गुर तथा अन्य फलफूलको ब्राण्डी | ब्लेन्डेड ब्राण्डी |
|---|---|---|---|
| **1.** | Ethyl Alcohol Content at $20^{0}$C percent by volume (Range) | **36-50** | **36-50** |
| **2.** | Furfural (expressed in terms of g/100 Litres of absolute alcohol), Max. | **12.0** | **12.0** |
| **3.** | Higher alcohols as amyl alcohol (expressed in terms of g/100 Litres of absolute alcohol), Max. | **600.0** | **350.0** |
| **4.** | Total Esters as ethyl acetate (expressed in terms of g/100 Litres of absolute alcohol), Max. | **350.0** | **250.0** |
| **5.** | Volatile acids as acetic acid (expressed in terms of g/100 Litres of absolute alcohol), Max. | **100.0** | **100.0** |
| **6.** | Residue on evaporation percent (mg/L), Max. | **2.0** | **2.0** |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

| | | | |
|---|---|---|---|
| **7.** | Methyl alcohol (expressed in terms of mg/Litre of distilled absolute alcohol), Max | **150.0** | **100.0** |
| **8.** | Aldehydes as acetaldehyde (expressed in terms g/100 Litres of absolute alcohol), Max. | **45.0** | **45.0** |
| **9.** | Copper (as Cu), (mg/L), Max | **10.0** | **10.0** |
| **10.** | Lead (mg/L), Max. | **0.2** | **0.2** |
| **11.** | Mercury (mg/L), Max. | **0.25** | **0.25** |
| **12.** | Arsenic (mg/L), Max. | **0.25** | **0.25** |
| **13.** | Cadmium (mg/L), Max. | **0.01** | **0.01** |

४. **स्वच्छता (Hygiene) कायम गर्ने तरिका (Code of Practice)**

ब्राण्डीको उत्पादन, बोटलिङ्ग, प्याकेजिङ्ग, भण्डारण तथा ढुवानी गर्दा कोडेक्सद्वारा निर्धारित आचारसंहिता (Recommended International code of practice - General Principles of Food Hygiene CAC/RCP 1-1969))का प्रावधानहरु आवश्यकतानुसार पालना गर्नु पर्नेछ।

५. **प्याकेजिङ्ग र लेबलिङ्ग सम्बन्धी व्यवस्था (Packaging and labeling Requirements)**

५.१ **प्याकेजिङ्ग**

ब्राण्डीलाई सफा गरिएको खाद्य ग्रेडको बोतल वा कन्टेनरमा प्याकेजिङ्ग गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

**५.२ लेबलमा उल्लेख गर्नु पर्ने विवरण**

प्याक गरिएको ब्राण्डीको लेबलमा देहाय बमोजिमको विवरण हुनु पर्नेछः-

(क) उत्पादक वा प्याकरको नाम तथा ठेगाना,

(ख) वस्तुको नाम,

(ग) ईथाएल अल्कोहोलको मात्रा प्रतिशत (आयतन) वा यूपी वा प्रुफमा,

(घ) योगशिल प्रयोग भएकोमा योगशिलको नाम वा सङ्केत नम्बर,

(ङ) उत्पादन वा प्याकिङ्ग मिति, ब्याच नम्बर वा लट नम्बर,

(च) खूद परिमाण,

(छ) अन्य प्रचलित कानूनले तोकेका विवरण उल्लेख गर्न सकिनेछ, तर उपभोग्य मिति र समिश्रण उल्लेख गर्न बाध्य हुने छैन ।

**५.३ लेबलमा उल्लेख गर्न प्रतिबन्ध**

५.३.१ स्वास्थ्य सम्बन्धी कुनै पनि दाबी गर्न पाइने छैन।

५.३.२ प्रयोगकर्तालाई ब्राण्डीको प्रकृति, उत्पादन, श्रोत तथा अन्य गुणहरु सम्बन्धी भ्रामक सूचना दिने गरी कुनै फोटो, शब्द वा वाक्यहरु प्रयोग गर्न पाइने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

## १४.५ जीन (Gin)

१. **गुणस्तरको क्षेत्र (Scope)**

यस गुणस्तरले मानव उपभोगको लागि प्याक गरिएका सबै प्रकारका जीनलाई समेट्छ ।

२. **परिचय (Description)**

जीन भन्नाले जुनिपर बेरी (Juniper berries) को वाष्पशील तत्व (Volatile products) को स्वाद भएको न्यूट्रल स्प्रिटबाट तयार गरिएको मदिराजन्य पदार्थलाई जनाउँछ । यसमा अन्य वनस्पति (Other botanicals) र बास्ना (aromatics) को वाष्पशील तत्व (Volatile products) पनि प्रयोग गर्न सकिनेछ। यो सङ्ग्लो (Clear) हुनुका साथै स्वच्छ पानी राख्दा धमिलो (Turbidity) हुनु हुँदैन।

३. **आवश्यक गुणस्तर परिधिहरु (Essential Composition and Quality factors)**

जीनमा स्वभाविक स्वाद र बास्ना हुनु पर्नेछ । यसमा स्वीकृत बास्ना तथा खाद्य योगशिलहरु प्रयोग गर्न सकिनेछ । यसमा क्लोरल हाइड्रेट (Chloral hydrate), अमोनियम क्लोराइड (ammonium chloride), डाइजेपाम (diazepam), पाराडिहाइड (paraldehyde) लगायत कुनै पनि अन्य किसिमका नसालु, साईकोट्रपिक (Psychotropic) पदार्थहरु तथा क्याफिन (Caffeine) समेतको उपस्थिति हुनु हुँदैन। जीनमा ईथाएल अल्कोहोलको मात्रा ३६ देखि ५० प्रतिशत (आयतनको आधारमा, २० डिग्री सेन्टिग्रेड तापक्रममा) सम्म हुन सक्नेछ । ईथाएल अल्कोहोलको मात्रा जीनको


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

लेबलमा उल्लेख गरिएको मात्रा भन्दा ३ प्रतिशतले घटी वा बढी हुन सक्नेछ ।

जीनमा देहायका मापदण्डहरु पनि पुरा भएको हुनु पर्नेछ :-

| सि.नं. | विवरण | जीन (Gin) |
|---|---|---|
| **1.** | Ethyl Alcohol content at 20°C percent by volume (Range) | **36-50** |
| **2.** | Furfural (expressed in terms of g/100 Litres of absolute alcohol), Max. | **12.0** |
| **3.** | Higher alcohols as amyl alcohol (expressed in terms of g/100 Litres of absolute alcohol), Max. | **100.0** |
| **4.** | Total Esters as ethyl acetate (expressed in terms of g/100 Litrres of absolute alcohol), Max. | **30.0** |
| **5.** | Volatile acids as acetic acid (expressed in terms of g/100 litres of absolute alcohol), Max. | **10.0** |
| **6.** | Residue on evaporation percent (mg/L), Max. | **2.5** |
| **7.** | Methyl alcohol (expressed in | **20.0** |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

| | | |
|---|---|---|
| | terms of mg/Litre of distilled absolute alcohol), Max. | |
| **8.** | Aldehydes as acetaldehyde (expressed in terms g/100 Litres of absolute alcohol), Max. | **20.0** |
| **9.** | Copper (as Cu), (mg/L), Max. | **5.0** |
| **10.** | Lead (mg/L), Max. | **0.2** |
| **11.** | Mercury (mg/L), Max. | **0.25** |
| **12.** | Arsenic (mg/L), Max. | **0.25** |
| **13.** | Cadmium (mg/L), Max. | **0.01** |

४. **स्वच्छता (Hygiene) कायम गर्ने तरिका (Code of Practice)**

जीनको उत्पादन, बोटलिङ्ग, प्याकेजिङ्ग, भण्डारण तथा ढुवानी गर्दा कोडेक्सद्वारा निर्धारित आचारसंहिता (Recommended International code of practice - General Principles of Food Hygiene CAC/RCP 1-1969))का प्रावधानहरु आवश्यकतानुसार पालना गर्नु पर्नेछ।

५. **प्याकेजिङ्ग र लेबलिङ्ग सम्बन्धी व्यवस्था (Packaging and Labeling Requirements)**

५.१ प्याकेजिङ्ग

जीनलाई सफा गरिएको खाद्य ग्रेडको बोतल वा कन्टेनरमा प्याकेजिङ्ग गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

**५.२ लेबलमा उल्लेख गर्नु पर्ने विवरण**

प्याक गरिएको जीनको लेबलमा तपशिल बमोजिमको विवरण हुनु पर्नेछः-

(क) उत्पादक वा प्याकरको नाम तथा ठेगाना,

(ख) वस्तुको नाम,

(ग) ईथाएल अल्कोहोलको मात्रा प्रतिशत (आयतन) वा यूपी वा प्रुफमा,

(घ) योगशिल प्रयोग भएकोमा योगशिलको नाम वा सङ्केत नम्बर,

(ङ) उत्पादन वा प्याकिङ्ग मिति, ब्याच नम्बर वा लट नम्बर,

(च) खूद परिमाण,

(छ) अन्य प्रचलित कानूनले तोकेका विवरण उल्लेख गर्न सकिनेछ, तर उपभोग्य मिति र समिश्रण उल्लेख गर्न बाध्य हुने छैन ।

**५.३ लेबलमा उल्लेख गर्न प्रतिबन्ध**

**५.३.१** स्वास्थ्य सम्बन्धी कुनै पनि दाबी गर्न पाइने छैन ।

**५.३.२** प्रयोगकर्तालाई जीनको प्रकृति, उत्पादन, श्रोत तथा अन्य गुणहरु सम्बन्धी भ्रामक सूचना दिने गरी कुनै पनि फोटो, शब्द वा वाक्यहरु प्रयोग गर्न पाइने छैन ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

# सूचना २

नेपाल सरकारले खाद्य ऐन, २०२३ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी खण्ड ५०, सङ्ख्या ४२, भाग ३, मिति २०५७/१०/२३ मा प्रकाशित सूचनाको प्रकरण ८ को सट्टा देहायको प्रकरण ८ राखी हेरफेर गरिएकोले यो सूचना प्रकाशन गरिएको छ ।

**"८.० प्याक गरिएको पिउने पानी (Packaged Drinking Water)**

**८.१ प्याक गरिएको पिउने पानी (प्राकृतिक खनिजयुक्त पानी बाहेक) (Packaged Drinking Water except natural mineral water)**

**१. गुणस्तरको क्षेत्र (Scope)**

यस गुणस्तरले मानव उपभोग लागि प्याक गरिएको पिउने पानी (प्राकृतिक खनिजयुक्त पानी बाहेक) लाई समेट्छ ।

**२. परिचय (Description)**

**२.१ प्याक गरिएको पिउने पानी**

"प्याक गरिएको पिउने पानी" (प्राकृतिक खनिजयुक्त पानी बाहेक) भन्नाले मानव उपभोगको लागि प्याक गरिएको पानीलाई बुझाउँछ। यसमा खनिज पदार्थ (प्राकृतिकरूपमा उपस्थित वा बाहिरबाट थपिएको) र कार्बनडाइअक्साइड (प्राकृतिकरूपमा उपस्थित वा बाहिरबाट थपिएको) भएको हुनसक्ने र चिनी, अन्य गुलिया पदार्थ, बास्नायुक्त पदार्थ, अन्य खाद्य तथा अखाद्य पदार्थ अनुपस्थित हुनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

२.१.१ **प्याक गरिएको र प्रशोधित पिउने पानी (Packaged/Processed Drinking Water)**

३.१ नं. मा उल्लेख भएका स्वीकृत विधिहरू अपनाई प्याक गरिएको तर कार्बनडाईअक्साइड (Carbon Dioxide) नथपिएको पानीलाई जनाउँछ।

२.१.२ **कार्बनडाइअक्साइड थपिएको पिउने पानी (Carbonated Drinking water) वा स्पार्कलिङ पिउने पानी (Sparkling Drinking Water)**

३.१ नं.मा उल्लेख भए बमोजिम प्रशोधन गरी कार्बन डाईअक्साइड (Carbon dioxide) थपी प्याक गरिएको पानीलाई जनाउँछ। यस्तो पानीको सिलबन्दी बिर्को कोठाको तापक्रममा खोल्दा कार्बनडाईअक्साइ ग्यासका फोकाहरू पानीमा देख्न सकिनेछ ।

३. **आवश्यक गुणस्तर परिधिहरू (Essential composition and Quality factors)**

३.१ **पानीको प्रशोधन गर्न स्वीकृत विधिहरू**

यस्तो पानीलाई ३.२ र ४ नं. मा उल्लिखित पानीको गुणस्तर पुरा गर्न कोडेक्सद्वारा निर्धारित (CAC/RCP) 48-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

2001 मा सिफारिश गरिएका प्रतिसूक्ष्म जैविक उपचार तथा भौतिक, रासायनिक परिवर्तनका प्रशोधन विधिहरू प्रयोग गर्न सकिनेछ।

**३.२ भौतिक, रासायनिक तथा विकिरण सम्बन्धी मापदण्ड**

**३.२.१ पानीको रङ्ग, बास्ना र स्वादसँग सम्बन्धित मापदण्ड**

पानीको स्वभाविक रङ्ग, बास्ना र स्वादको लागि वाह्य पदार्थहरु तथा आँखाले देखिने गरी अखाद्य पदार्थहरु उपस्थित नभएको हुनको साथै देहाय बमोजिमको मापदण्ड पुरा गरेको हुनु पर्नेछः-

| | |
|---|---|
| अल्मुनियम (Aluminium) | ०.१ मि. ग्रा. प्रति लिटरमा नबढेको |
| अमोनिया (Ammonia) | १ मि. ग्रा. प्रति लिटरमा नबढेको |
| क्लोराइड (Chloride) | २०० मि. ग्रा. प्रति लिटरमा नबढेको |
| क्लोरिन (Chlorine) | ०.२ मि. ग्रा. प्रति लिटरमा नबढेको |
| रङ्ग (Color) | १५ True color units (TCU) मा नबढेको |
| कडापन (Hardness) | २०० मि. ग्रा. प्रति लिटरमा नबढेको |
| हाईड्रोजन सल्फाइड (Hydrogen Sulfide) | ०.०५ मि. ग्रा. प्रति लिटरमा नबढेको |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

फलाम (Iron) ०.३ मि. ग्रा. प्रति लिटरमा नबढेको

म्यांगनिज (Manganese) ०.१ मि. ग्रा. प्रति लिटरमा नबढेको

पि. एच (pH) ६-८.५

(कार्वनडाइअक्साइड थपिएको पिउने पानीमा पि. एच ४.५ सम्म घटेको हुन सक्ने)

सोडियम (Sodium) २०० मि. ग्रा. प्रति लिटरमा नबढेको

सल्फेट (Sulfate) २५० मि. ग्रा. प्रति लिटरमा नबढेको

कुल घुलनशील ठोस (Total dissolved solids) ६०० मि. ग्रा. प्रति लिटरमा नबढेको

धमिलोपन (Turbidity) ५ NTU मा नबढेको

जस्ता (Zinc) ४ मि. ग्रा. प्रति लिटरमा नबढेको

कृत्रिम डिटरजेन्ट (Synthetic Detergent) ०.२ मि. ग्रा. प्रति लिटरमा नबढेको

**३.२.२ स्वास्थ्यसँग सम्बन्धित मापदण्ड**

प्याक गरिएको पिउने पानीमा स्वास्थ्यलाई नकारात्मक असर गर्ने विभिन्न रासायनिक तथा विकिरणजन्य पदार्थहरू सम्बन्धी देहाय बमोजिमको मापदण्ड पुरा गरेको हुनु पर्नेछ :-

आर्सेनिक (Arsenic) ०.०१ मि. ग्रा. प्रति लिटरमा नबढेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

बेरियम (Barium) ०.७ मि. ग्रा. प्रति लिटरमा नबढेको

बोरोन (Boron) २.४ मि. ग्रा. प्रति लिटरमा नबढेको

क्रोमियम (Chromium) ०.०५ मि. ग्रा. प्रति लिटरमा नबढेको

फ्लोराइड (Fluoride) १.५ मि. ग्रा. प्रति लिटरमा नबढेको

क्याडमियम (Cadmium) ०.००३ मि.ग्रा. प्रति लिटरमा नबढेको पारो (Mercury) ०.००१ मि. ग्रा. प्रति लिटरमा नबढेको

नाइट्रेट (Nitrate as NO3-) ५० मि. ग्रा. प्रति लिटरमा नबढेको

नाईट्राइट (Nitrite as NO2-) ३ मि. ग्रा. प्रति लिटरमा नबढेको

एन्टीमोनी (Antimony) ०.०२ मि. ग्रा. प्रति लिटरमा नबढेको

तामा (Copper) २ मि. ग्रा. प्रति लिटरमा नबढेको

सिसा (Lead) ०.०१ मि. ग्रा. प्रति लिटरमा नबढेको

निकेल (Nickel) ०.०७ मि. ग्रा. प्रति लिटरमा नबढेको

बेन्जिन (Benzene) ०.०१ मि. ग्रा. प्रति लिटरमा नबढेको

१,२-डाइक्लोरोइथेन (1,2- Dichloroethane) ०.०३ मि. ग्रा. प्रति लिटरमा नबढेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

१,४-डाइअक्सन (1,4- Dioxane) ०.०५ मि. ग्रा. प्रति लिटरमा नबढेको

अल्कोर (Alachlor) ०.०२ मि. ग्रा. प्रति लिटरमा नबढेको

अल्डीकार्ब (Aldicarb) ०.०१ मि. ग्रा. प्रति लिटरमा नबढेको

अल्ड्रिन र डाइअल्ड्रिन (Aldrin and Dieldrin) ०.००००३ मि. ग्रा. प्रति लिटरमा नबढेको

अट्राजिन र क्लोरो स्ट्रयाजिन मेटाबोलाइट्स् (Atrazine and its chloro-striazine metabolites)

०.१ मि. ग्रा. प्रति लिटरमा नबढेको

कार्बोफुरान (Carbofuran) ०.००७ मि. ग्रा. प्रति लिटरमा नबढेको

क्लोरडेन (Chlordane) ०.०००२ मि. ग्रा. प्रति लिटरमा नबढेको

क्लोरोटोलुरोन (Chlorotoluron) ०.०३ मि. ग्रा. प्रति लिटरमा नबढेको

स्यानाजिन (Cyanazine) ०.०००६ मि. ग्रा. प्रति लिटरमा नबढेको

२,४-डाइ क्लोरो फेनोक्सी एसिटिक एसिड (2,4- Dichlorophenoxyacetic acid) ०.०३ मि. ग्रा. प्रति लिटरमा नबढेको

२,४-डाइक्लोरोफेनोक्सी ब्युटाइरिक एसिड (2,4- Dichlorophenoxybutyric acid) ०.०९ मि. ग्रा. प्रति लिटरमा नबढेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१,२-डाइब्रोमो -३-क्लोरोप्रोपेन
(1,2-Dibromo-3-chloropropane)
०.००१ मि. ग्रा. प्रति लिटरमा नबढेको
१,२-डाइब्रोमोइथेन
(1,2-Dibromoethane)
०.०००४ मि. ग्रा. प्रति लिटरमा नबढेको
१,२-डाइब्रोमोप्रोपेन
(1,2-Dibromopropene)
०.०४ मि. ग्रा. प्रति लिटरमा नबढेको
१,३-डाइक्लोरोप्रोपिन
(1,3-Dichlorpropene) ०.०२ मि. ग्रा. प्रति लिटरमा नबढेको
डाइक्लोरोप्रोप (Dichlorprop) ०.१ मि. ग्रा. प्रति लिटरमा नबढेको
डाइमिथोएट (Dimethoate) ०.००६ मि. ग्रा. प्रति लिटरमा नबढेको
एन्ड्रीन (Endrin) ०.०००६ मि. ग्रा. प्रति लिटरमा नबढेको
फेनोप्रोप (Fenoprop) ०.००९ मि. ग्रा. प्रति लिटरमा नबढेको
हाईड्रोअक्सिसएट्राजिन (Hydroxyatrazine) ०.२ मि. ग्रा. प्रति लिटरमा नबढेको
आइसोप्रोटुरोन (Isoproturon) ०.००९ मि. ग्रा. प्रति लिटरमा नबढेको
लिन्डेन (Lindane) ०.००२ मि. ग्रा. प्रति लिटरमा नबढेको
मिथाइल क्लोरोफिनोक्सी एसिटिक एसिड


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

4-(2-Methy-4-chlorophenoxy acetic acid) ०.००२ मि. ग्रा. प्रति लिटरमा नबढेको

मिकोप्रोप (Mecoprop) ०.०१ मि. ग्रा. प्रति लिटरमा नबढेको

मिथोअक्सीक्लोर (Methoxychlor)०.०२ मि. ग्रा. प्रति लिटरमा नबढेको

मेटोलाक्लोर (Metolachlor) ०.०१ मि. ग्रा. प्रति लिटरमा नबढेको

मोलिनेट (Molinate) ०.००६ मि. ग्रा. प्रति लिटरमा नबढेको

पेंडीमेथालिन (Pendimethalin) ०.०२ मि. ग्रा. प्रति लिटरमा नबढेको

सिमजिन (Simazine) ०.००२ मि. ग्रा. प्रति लिटरमा नबढेको

ट्राइ क्लोरो फेनोक्सी एसिटिक असिड (2,4,5-trichlorophenoxyacetic acid) ०.००९ मि. ग्रा. प्रति लिटरमा नबढेको

टर ब्युथाइलाजिन (Terbuthylazine) ०.००७ मि. ग्रा. प्रति लिटरमा नबढेको

ट्राइफ्लुरालिन (Trifluraline) ०.०२ मि. ग्रा. प्रति लिटरमा नबढेको

मोनोक्लोरमाइन (Monochloramine) ३ मि. ग्रा. प्रति लिटरमा नबढेको

ब्रोमेट (Bromate) ०.०१ मि. ग्रा. प्रति लिटरमा नबढेको

ब्रोमोडाइक्लोरोमिथेन Bromodichloromethane ०.०६ मि. ग्रा. प्रति लिटरमा नबढेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

डाइक्लोरो एसिटेट (Dichloroacetate) ०.०५ मि. ग्रा. प्रति लिटरमा नबढेको

ट्राइक्लोरोफिनोल (2,4,6-Trichlorophenol) ०.२ मि. ग्रा. प्रति लिटरमा नबढेको

एक्रिलामाइड (Acrylamide) ०.०००५ मि. ग्रा. प्रति लिटरमा नबढेको

बेन्जोपाइरिन (Benzoapyrene) ०.०००७ मि. ग्रा. प्रति लिटरमा नबढेको

क्लोरोपाइरिफोस (Chlorpyrifos) ०.०३ मि. ग्रा. प्रति लिटरमा नबढेको

भिनाइल क्लोराइड (Vinyl chloride) ०.०००३ मि. ग्रा. प्रति लिटरमा नबढेको

डी डी टि (DDT and metabolites) ०.००१ मि. ग्रा. प्रति लिटरमा नबढेको

साइनाइड (Cyanide as CN) नभएको

चाँदी (Silver) ०.१ मि. ग्रा. प्रति लिटरमा नबढेको

अल्फा एक्टिभिटी ("alpha" activity) ०.५ Bq/L मा नबढेको

बिटा एक्टिभिटी ("beta" activity)१ Bq/L मा नबढेको

**३.२.३ पानीमा खनिज पदार्थ थप्ने सम्बन्धी व्यवस्था**

३.२ नं. मा उल्लेख भएअनुसार प्याक गरिएको पानीको भौतिक, रासायनिक र विकिरणसम्बन्धी मापदण्ड भित्र रहने गरी पानीमा खनिज पदार्थ थप गर्न सकिने छ । यसरी खनिज पदार्थ थप गर्दा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

Codex General Standard for Food Additive: (CODEX/STAN 192-1995) र/वा Codex General Principles for the Addition of Essential Nutrients to Food (CAC/GL -1987) मा उल्लेख भएका प्रावधानहरू अवश्यकता भएसम्म पालना गर्नु पर्नेछ ।

४. **स्वच्छता (Hygiene) कायम गर्ने तरिका (Code of Practice)**

यस गुणस्तरले परिभाषा गरेको पानीको सङ्कलन, उत्पादन, प्रशोधन, प्याकेजिङ्ग, भण्डारण तथा ढुवानी गर्दा Codex द्वारा निर्धारित निम्नलिखित आचारसंहिताका प्रावधानहरू आवश्यकतानुसार पालना गर्नु पर्नेछ :

1. Recommended International Code of Practice - General Principles of Food Hygiene (CAC/RCP 1-1969)
2. Code of Hygiene Practice for Bottled/Packaged Drinking Waters (other than Natural Mineral Waters)

४.१ **प्याक गरिएको पानीमा स्वच्छतासँग देहाय बमोजिमको मापदण्ड पुरा गरेको हुनु पर्नेछ** :-

टोटल कोलिफर्म ब्याक्टेरिया (Total coliform bacteria अनुपस्थित/ १०० मि. लि.

यिस्ठ र मोल्ड गणना (Yeast and mould count) अनुपस्थित/ मि. लि.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

४.२ **प्याक गरिएको पानीमा स्वास्थ्य सम्बन्धी देहाय बमोजिमको मापदण्ड पुरा गरेको हुनु पर्नेछ** :-

साल्मोनेला (Salmonella) अनुपस्थित/ २५ मि. लि. सिजेला (Shigella) अनुपस्थित/२५ मि. लि. भिब्रियो कलेरा (*V. cholera* and *V. parahaemolyticus*)अनुपस्थित/२५ मि. लि. ई. कोलि (*Escherichia coli* and Thermotolerant coliform bacteria) अनुपस्थित/ १०० मि. लि. फिकल स्ट्रेप्टोकोकि (Fecal streptococci) अनुपस्थित/१०० मि. लि.

क्लस्ट्रिडीयम परफ्रिन्जेस (*Clostridium perfringens*) अनुपस्थित/५० मि. लि.

हेपाटाइटिस ए र ई भाइरस (Hepataitis A and E virus)अनुपस्थित/ मि. लि.

५. **लेबलिङ्ग सम्बन्धी व्यवस्था (Labeling Requirements)**

खाद्य नियमावली, २०२७ का लेबलिङ्ग सम्बन्धी प्रावधानहरूका साथै देहाय बमोजिमका प्रावधानहरू समेत लागू हुनेछन्:-

**५.१** २.१ नं. मा उल्लेख गरिए बमोजिम प्याक गरिएको पानीको नाम यस प्रकार हुनेछ :-

**५.१.१** प्याक गरिएको/प्रशोधित पिउने पानी (Packaged/Processed Drinking Water)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

५.१.२ कार्बनडाइअक्साइड थपिएको पिउने पानी (Carbonated Drinking Water) वा स्पार्कलिङ पिउने पानी (Sparkling Drinking Water)

**५.२ अन्य व्यवस्था**

५.२.१ भौतिक तथा रासायनिक गुणहरू लेबलमा उल्लेख गर्न सकिनेछ ।

५.२.२ पानीको स्रोत लेबलमा खुलाउनु पर्नेछ ।

५.२.३ पानी प्रशोधन गर्दा प्रयोग भएका प्रमुख प्रशोधन विधिहरू लेबलमा उल्लेख गर्नु पर्नेछ ।

**५.३ लेबलमा उल्लेख गर्न प्रतिबन्ध**

५.३.१ स्वास्थ्य सम्बन्धी कुनै पनि दाबी गर्न पाइने छैन ।

५.३.२ प्रयोगकर्तालाई पानीको प्रकृति, उत्पादन, स्रोत तथा अन्य गुणहरू सम्बन्धी भ्रामक सूचना दिने कुनै पनि फोटो तथा शब्द वा वाक्यहरू प्रयोग गर्न पाइने छैन ।

८.२ **खनिजयुक्त पानी (Mineral Water)**

१. **गुणस्तरको क्षेत्र (Scope)**

यस खनिजयुक्त पानीको गुणस्तरले मानव उपभोगको लागि प्याक गरिएका सबै प्रकारका खनिजयुक्त पानी वा प्राकृतिक खनिजयुक्त पानीलाई समेट्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

२. परिचय (Description)

२.१ **खनिजयुक्त पानी वा प्राकृतिक खनिजयुक्त पानी**

खनिजयुक्त पानी वा प्राकृतिक खनिजयुक्त पानी सार्वजनिक रूपमा वितरीत खानेपानीभन्दा निम्न कारणहरूले गर्दा फरक हुन्छ :-

- प्राकृतिक खनिजयुक्त पानीमा निश्चित खनिज तत्वका लवणहरू कुनै सापेक्षित अनुपात (Relative Proportion) मा उपस्थित भएको हुन्छ ।
- यस्तो पानी प्राकृतिक स्रोत वा भूमिगत स्रोतबाट सोझै प्राप्त भई भौतिक तथा रासायनिक गुणहरूमा प्रदूषण वा अन्य बाह्य तत्त्वहरूको प्रभाव नपरेको हुनु पर्नेछ। यस्तो पानीको उत्पादन गर्दा सार्वजनिक रुपमा वितरण भएको पानीलाई प्रयोग गर्न पाइने छैन ।
- साना तिना प्राकृतिक घटबढ (Minor natural Fluctuation) बाहेक मुहानमा पानीको बनावट (Composition), बहाव तथा तापक्रम एकनासको हुनु पर्नेछ।
- यस्तो पानीको सूक्ष्म जैविक शुद्धता (Microbiological purity) र रासायनिक बनोट (Original chemical composition) को मौलिकतामा परिवर्तन नहुने गरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

सरसफाइमा यथेष्ट ध्यान पुऱ्याई मुहान बिन्दुमै प्याक गरिएको हुनु पर्नेछ ।

- यस्तो पानी प्याक गर्दा ३.१ नं. मा तोकिएको विधि बाहेक अन्य विधि प्रयोग गर्न पाइने छैन ।

**२.२ प्राकृतिक खनिजयुक्त पानीको प्रकार**

**२.२.१ प्राकृतिक कार्बनडाईअक्साइड मिश्रित खनिजयुक्त पानी (Naturally carbonated natural mineral water)**

प्राकृतिक कार्वनडाईअक्साइड मिश्रित खनिजयुक्त पानी भन्नाले मुहान बिन्दुको पानीमा प्राकृतिक रूपमा उपस्थित कार्वनडाईअक्साइडको मात्रा बराबर हुने गरी ३.१ नं. मा उल्लेख भए अनुसारको सम्भावित उपचार पश्चात् घट्न गएको कार्वनडाईअक्साइड सोही स्रोतबाट थपी प्याक गरिएको पानी भन्ने बुझ्नु पर्नेछ। उक्त पानी कोठाको तापक्रममा सिलबन्दी खोल्दा पानीमा कार्वनडाईअक्साइड ग्यासका फोकाहरु स्पष्ट देखिने हुनु पर्नेछ ।

**२.२.२ कार्बनडाइअक्साइडरहित प्राकृतिक खनिजयुक्त पानी (Non-carbonated natural mineral water)**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

कार्बनडाइअक्साइडरहित प्राकृतिक खनिजयुक्त पानी भन्नाले पानीको मुहान बिन्दुमा ३.१ नं. मा उल्लेख गरिएका सम्भावित उपचार र प्याकेजिङ्ग पश्चात् स्वतन्त्र (free) कार्बनडाईअक्साइडको उपस्थिति नभएको पानी भन्ने बुझ्नु पर्नेछ ।

२.२.३ **कार्बनडाइअक्साइड हटाइएको प्राकृतिक खनिजयुक्त पानी (De-carbonated natural mineral water)**

कार्बनडाइअक्साइड हटाइएको प्राकृतिक खनिजयुक्त पानी भन्नाले पानीको मुहान बिन्दुको पानीमा प्राकृतिक रूपमा उपस्थित कार्बनडाईअक्साइडको मात्रा भन्दा घटी हुने गरी ३.१ नं. मा उल्लेख गरिएका सम्भावित उपचार पश्चात् प्याक गरिएको पानी भन्ने बुझ्नु पर्नेछ। यस्तो पानीको सिलबन्दी बिर्को कोठाको तापक्रममा खोल्दा कार्बनडाईअक्साइड ग्यासका फोकाहरु पानीमा देखिनु हुँदैन ।

२.२.४ **पानीको स्रोतबाट कार्बनडाइअक्साइड थपिएको प्राकृतिक खनिजयुक्त पानी (Natural mineral water**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मुद्रण विभाग

**fortified with carbon dioxide from the source):**
पानीको स्रोतबाट कार्बनडाइअक्साइड थपिएको प्राकृतिक खनिजयुक्त पानी भन्नाले मुहान बिन्दुको पानीमा प्राकृतिक रूपमा उपस्थित कार्वनडाईअक्साइडको मात्रा भन्दा बढी हुने गरी सोही स्रोतको पानीबाट लिइएको कार्बनडाईअक्साइड थपी ३.१ नं. मा उल्लेख गरिएका सम्भावित उपचार पश्चात् प्याक गरिएको पानी भन्ने बुझ्नु पर्नेछ ।

२.२.५ **कार्बनडाइअक्साइड थपिएको प्राकृतिक खनिजयुक्त पानी (Carbonated natural mineral water):**
कार्बनडाइअक्साइड थपिएको प्राकृतिक खनिजयुक्त पानी भन्नाले पानीको मुहान बिन्दुको पानीमा प्राकृतिक रूपमा उपस्थित कार्बनडाईअक्साइडको मात्रा भन्दा बढी हुने गरी ३.१ नं. मा उल्लेख गरिएका सम्भावित उपचार र प्याकेजिङ्ग पश्चात् कार्बनडाईअक्साइड थपी प्याक गरिएको पानी भन्ने बुझ्नु पर्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

**२.३ पहिचान र स्वीकृति (Recognition and Authorization):**

प्राकृतिक स्रोत (मुहान) र उत्पादन विधिहरुको स्थलगत अनुगमन तथा उत्पादित पानीको गुणस्तर परीक्षण पश्चात उक्त उत्पादित पानीलाई "प्राकृतिक खनिजयुक्त पानी" को रुपमा पहिचानको लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट स्वीकृति प्राप्त गरेको हुनु पर्नेछ ।

**३. आवश्यक गुणस्तर परिधिहरू (Essential Composition and Quality Factors)**

**३.१ पानीको प्रशोधन गर्न स्वीकृत विधिहरू**

पानीमा स्वाभाविक रुपमा उपस्थित अस्थिर अवयवहरु (Unstable Constituents) जस्तैः फलाम, म्यान्गानिज, गन्धक (Sulfur), आर्सेनिकका यौगिकहरुलाई आवश्यकतानुसार हावा राख्ने (Aeration), थिग्रयाउने (Decantation) र छान्ने (Filtration) वा सबै विधि अपनाई हटाउन सकिनेछ । तर यस्ता विधिहरुले उक्त पानीमा प्राकृतिक रुपमा हुने खनिज वा खनिज यौगिक लवणहरुको मात्रामा परिवर्तन ल्याई स्वभाविक गुणमा असर नपरेको हुनु पर्नेछ ।

**३.२ भौतिक, रासायनिक तथा विकिरण सम्बन्धी मापदण्ड**

**३.२.१ पानीको रङ्ग, बास्ना र स्वादसँग सम्बन्धित मापदण्ड**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

पानीको स्वाभाविक रङ्ग, बास्ना र स्वादको लागि अखाद्य पदार्थहरू तथा आँखाले देखिने गरी बाह्य पदार्थहरू उपस्थित नभएको हुनुको साथै देहायबमोजिमको मापदण्ड पुरा गरेको हुनु पर्नेछ :-

अल्मुनियम (Aluminium) ०.१ मि. ग्रा. प्रति लिटरमा नबढेको

अमोनिया (Ammonia) १ मि. ग्रा. प्रति लिटरमा नबढेको

क्लोराइड (Chloride) २०० मि. ग्रा. प्रति लिटरमा नबढेको

क्लोरिन (Chlorine) ०.२ मि. ग्रा. प्रति लिटरमा नबढेको

रङ्ग (Colour) २ true colour units (TCU) मा नबढेको

कडापन (Hardness) २०० मि. ग्रा. प्रति लिटरमा नबढेको

हाईड्रोजन सल्फाइड (Hydrogen sulfide) ०.०५ मि.ग्रा. प्रति लिटरमा नबढेको

फलाम (Iron) ०.३ मि. ग्रा. प्रति लिटरमा नबढेको

म्यांगनिज (Manganese) ०.१ मि. ग्रा. प्रति लिटरमा नबढेको

सोडियम (Sodium) २०० मि. ग्रा. प्रति लिटरमा नबढेको

सल्फेट (Sulfate) २५० मि. ग्रा. प्रति लिटरमा नबढेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

कुल घुलनशील ठोस (Total dissolved solids) ७०० मि. ग्रा. प्रति लिटरमा नबढेको

धमिलोपन (Turbidity) २ NTU मा नबढेको

जस्ता (Zinc) ४ मि. ग्रा. प्रति लिटरमा नबढेको

३.२.२ **स्वास्थ्यसँग सम्बन्धित मापदण्ड**

प्याक गरिएको पिउने पानीमा स्वास्थ्यलाई नकारात्मक असर गर्ने विभिन्न रासायनिक तथा विकिरणयुक्त पदार्थहरू सम्बन्धी देहाय बमोजिमको मापदण्ड पुरा गरेको हुनु पर्नेछ :-

एन्टीमोनी (Antimony) ०.०५ मि. ग्रा. प्रति लिटरमा नबढेको

आर्सेनिक (Arsenic) ०.०१ मि. ग्रा. प्रति लिटरमा नबढेको

बेरियम (Barium) ०.७ मि. ग्रा. प्रति लिटरमा नबढेको

बोरेट (Borate) ५ मि. ग्रा. प्रति लिटरमा नबढेको

क्याडमियम (Cadmium) ०.००३ मि. ग्रा. प्रति लिटरमा नबढेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

क्रोमियम (Chromium) ०.०५ मि. ग्रा. प्रति लिटरमा नबढेको

तामा (Copper) १ मि. ग्रा. प्रति लिटरमा नबढेको

साइनाइड (Cyanide as CN) ०.०७ मि. ग्रा. प्रति लिटरमा नबढेको

फ्लोराइड (Fluoride) १.५ मि. ग्रा. प्रति लिटरमा नबढेको

सिसा (Lead) ०.०१ मि. ग्रा. प्रति लिटरमा नबढेको

पारो (Mercury) ०.००१ मि. ग्रा. प्रति लिटरमा नबढेको

निकेल (Nickel) ०.०२ मि. ग्रा. प्रति लिटरमा नबढेको

नाइट्रेट (Nitrite as NO3-) ५० मि. ग्रा. प्रति लिटरमा नबढेको नाईट्राइट (Nitrate as NO2-) ०.०१ मि. ग्रा. प्रति लिटरमा नबढेको

सेलेनियम (Selenium) ०.०१ मि. ग्रा. प्रति लिटरमा नबढेको

सर्फेस एक्टिभ एजेन्ट्स (Surface active agents) अनुपस्थित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

जीवनाशक तथा कीटनाशक विषादी (Pesticides) अनुपस्थित खनिज तेल (Mineral oil) अनुपस्थित पोलीन्युक्लिअर एरोमेटिक हाइड्रोकार्बन (Polynuclear aromatic hydrocarbon) अनुपस्थित

४. **स्वच्छता (Hygiene) कायम गर्ने तरिका (Cope of Practice)**

यस गुणस्तरले परिभाषा गरेको पानीको सङ्कलन, उत्पादन, प्याकेजिङ्ग, भण्डारण तथा ढुवानी गर्दा Codex द्वारा निर्धारित निम्नलिखित आचारसंहिताका प्रावधानहरू आवश्यकतानुसार पालना गर्नु पर्नेछ :-

1. Recommended International Code of Practice - General Principles of Food Hygiene (CAC/RCP 1-1969)
2. Code of Practice for the Collecting, Processing and Marketing of Natural Mineral Waters (CAC/RCP 33-1985)

४.१ पानीको मुहानबाट कुनै भाँडो, ट्याङ्कर वा यस्तै अरु साधनबाट अन्यत्र ढुवानी गरी पुनः प्रशोधन वा प्याकेजिङ्ग गर्न पाइने छैन। स्रोत विन्दुमा पानीलाई वातावरणीय प्रदूषणको जोखिम (Risk) बाट सुरक्षित (Protected) हुनु पर्नेछ ।

४.२ प्राकृतिक खनिजयुक्त पानी उत्पादन गर्ने संरचना (Installation) सम्भावित प्रदुषण (Contamination) रोकथाम गर्न सक्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

गरी सुनिश्चित (Guarantee) गरिएको हुनु पर्नेछ । पानी जम्मा गर्ने ट्याङ्की, पाइप आदि प्राकृतिक खनिजयुक्त पानी उत्पादनको लागि उपयुक्त हुनुपर्नेछ र वाह्य पदार्थहरु (Foreign matters), जस्तै धुलो, माटो, खिया आदिको प्रवेशलाई रोक्न सक्ने हुनु पर्नेछ । उत्पादन, सरसफाई र प्याकेजिङ्गमा प्रयोग हुने उपकरणहरू सफा र स्वच्छ हुनु पर्नेछ । पानीको मुहानमा कुनै कारणवस पानी प्रदुषित भएमा तत्काल उत्पादन रोक्नु पर्नेछ ।

४.४ **प्याक गरिएको पानीमा स्वच्छता सम्बन्धी देहाय बमोजिमको मापदण्ड पुरा गरेको हुनु पर्नेछः-**

टोटल कोलिफर्म ब्याक्टेरिया (Total coliform bacteria) अनुपस्थित/१०० मि. लि. यिस्ट र मोल्ड गणना (Yeast and Mould count) अनुपस्थित/ मि. लि.

४.५ **प्याक गरिएको पानीमा स्वास्थ्य सम्बन्धी देहाय बमोजिमको मापदण्ड पुरा गरेको हुनु पर्नेछ :-**

साल्मोनेला (Salmonella) अनुपस्थित/२५ मि. लि.

सिजेला (Shigella)अनुपस्थित/२५ मि. लि.

भिब्रियो कलेरा (*V. cholera* and *V. parahaemolyticus*) अनुपस्थित/२५ मि. लि.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

ई. कोली (*Escherichia coli* and Thermotolerant coliform bacteria) अनुपस्थित/१०० मि. लि.

फिकल स्ट्रेप्टोकोकाइ (Faecal streptococci) अनुपस्थित/१०० मि. लि.

क्लस्ट्रिडियम परफ्रिन्जेन्स (*Clostridim perfrinens*) अनुपस्थित/५० मि. लि.

हेपाटाइटिस ए र ई भाइरस (Hepataitis A and E virus) अनुपस्थित/ मि. लि.

**५. लेबलिङ्ग सम्बन्धी व्यवस्था (Packaging and Labeling Requirements)**

प्राकृतिक खनिजयुक्त पानीलाई निरोगन गरिएको सफा खाद्य ग्रेडको प्लास्टिक वा काँचको बोतल वा कन्टेनरमा प्याकेजिङ्ग गरी खाद्य नियमावली, २०२७ का लेबलिङ्ग सम्बन्धी प्रावधानहरूका साथै देहाय बमोजिमका प्रावधानहरू समेत लागू हुनेछन्:-

**५.१** खाद्य पदार्थको नाम “प्राकृतिक खनिजयुक्त पानी” हुनेछ । प्राकृतिक खनिजयुक्त पानी निम्न प्रकारका हुन सक्नेछन् :-

**५.१.१** प्राकृतिक कार्बनडाईअक्साइड मिश्रित खनिजयुक्त पानी (Naturally carbonated natural mineral water)

**५.१.२** कार्बनडाइअक्साइडरहित प्राकृतिक खनिजयुक्त पानी (Non-carbonated natural mineral water)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

५.१.३ कार्बनडाइअक्साइड हटाइएको प्राकृतिक खनिजयुक्त पानी (De-carbonated natural mineral water)

५.१.४ पानीको स्रोतबाट कार्बनडाइअक्साइड थपिएको प्राकृतिक खनिजयुक्त पानी (Natural mineral water fortified with carbon dioxide from the source)

५.१.५ कार्बनडाइअक्साइड थपिएको प्राकृतिक खनिजयुक्त पानी (Carbonated natural mineral water)

५.१.६ कार्बनडाइअक्साइडरहित प्राकृतिक खनिजयुक्त पानी (Non-carbonated natural mineral water)

५.२ अन्य व्यवस्था

५.२.१ भौतिक तथा रासायनिक गुणहरू लेबलमा उल्लेख गर्नु पर्नेछ ।

५.२.२ पानीको प्राकृतिक स्रोत र ठेगाना लेबलमा खुलाउनु पर्नेछ ।

५.२.३ दफा ३.१ मा उल्लेख गरिएका प्रशोधन विधिहरू प्रयोग गरिएको भए लेबलमा उल्लेख गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

५.३ लेबलमा उल्लेख गर्न प्रतिबन्ध

५.३.१ स्वास्थ्य सम्बन्धी कुनै पनि दाबी गर्न पाइने छैन ।

५.३.२ प्रयोगकर्तालाई पानीको प्रकृति, उत्पादन, स्रोत तथा अन्य गुणहरू सम्बन्धी भ्रामक सूचना दिने गरी कुनै पनि फोटो, शब्द वा वाक्यहरू प्रयोग गर्न पाइने छैन।"

आज्ञाले,
डा. युवकध्वज जि.सी.
नेपाल सरकारको सचिव
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय(कृषि)

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू २५।-
गो.ह.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।